# (धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी ७ दिने सार्वजनिक सूचना

(प्रकाशित मिति २०८२ साल पुष महिना ३ गते बिहीबार)

यस विकास बैंकको शाखा कार्यालय राजीपुरबाट तपशिलमा उल्लेखित ऋणीले सहुलियत अधिविकर्ष कर्जा शीर्षक अन्तर्गत लिएको कर्जाको साँवा, ब्याज र अन्य दै-दस्तुर समेत तिर्ने बुझाउने सम्बन्धमा बैंकसंग गरेको शर्त कबुलियत उल्लंघन गर्नु भएको र बैंकबाट पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत सो कर्जाको तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज तथा हर्जाना समेत चुक्ता भुक्तान गर्न आउने तर्फ कुनै चासो नदेखाउनु भएको र नआउनु भएकोले सम्पूर्ण कर्जा चुक्ता गर्न आउनु हुन भनी बैंकबाट विभिन्न मितिमा सार्वजनिक सूचना प्रकाशित गरिएता पनि कर्जा चुक्ता भुक्तान गर्न तर्फ कुनै पहल नगरी आलटाल गरेकोले बैंकको कर्जा असुलीको लागि तपशिलमा उल्लेखित धितो (सम्पत्ति) जहाँ जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा गोप्य शिलबन्दी बोलपत्र प्रक्रियाद्धारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गर्नुपर्ने भएकोले धितो लिलाम बिक्री सम्बन्धी यो ७ (सात) दिने सूचना प्रकाशित गरिएको छ । उक्त मिति भित्र नतिरे नबुझाएमा प्रचलित कानुन अनुसार सूचना प्रकाशित भएको मितिले ८ औं दिन यस बैंकलाई लेखिदिएको धितो सुरक्षणमा रहेको तपशिलमा उल्लेखित सम्पत्ति जहाँ जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गरिने हुँदा इच्छुक महानुभावहरुले देहाय बमोजिमको शर्त तथा बन्देजहरुको अधिनमा रहने गरी यो सूचना प्रकाशित भएको मितिले ८ औं दिनको कार्यालय समय भित्र यस बैंकको शाखा कार्यालयहरुमा गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन सूचित गरिन्छ ।

**तपशिल**

**ऋणीको विवरण**

नाम : **जी यस कृषी पोल्ट्री फर्म एण्ड न्यु किसान ट्रेडर्स**, सप्लायर्स प्रमाण पत्र नं. : ०७
दर्ता मिति : २०७७/०४/३० दर्ता गर्ने कार्यालय : गौरीगंगा न.पा. ८ नं. वडा कार्यालय
नाम : जी यस कृषी पोल्ट्री फर्म प्रमाण पत्र नं. : १४ दर्ता मिति : २०७६/०१/१९
दर्ता गर्ने कार्यालय : गौरीगंगा न.पा. ५ नं. वडा कार्यालय व्यवसायीको नाम : मनोज ताम्राकार
स्थायी लेखा नं. : ६१०६१२५३२ रजिष्टर्ड ठेगाना : कैलाली जिल्ला गौरीगंगा न.पा. वडा नं. ५

**व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण**

१) पदम बहादुर टमोटाको नाति गणेश ताम्राकारको छोरा डडेल्धुरा जिल्ला अमरगढी न.पा. वडा नं. ६ हाल, कैलाली जिल्ला गौरीगंगा न.पा. वडा नं. ८ बस्ने **मनोज ताम्राकार** (ना.प्र.नं. : ७४-०१-७५-०१८९३ जारी मिति र जिल्ला : २०७४/०८/२४, डडेल्धुरा)

२) भिम बहादुर ताम्राकारको छोरी गणेश ताम्राकारको बुहारी मनोज ताम्राकारको पत्नी कैलाली जिल्ला गौरीगंगा न.पा. वडा नं. ५ हाल, वडा नं. ८ बस्ने **सावित्री ताम्राकार** (ना.प्र.नं. : ६७ -०१-७५-११५४४ जारी मिति र जिल्ला : २०७५/१२/२५, कैलाली)

३) चन्द्रभान टमोटाको नाति पदम बहादुर टमोटाको छोरा डडेल्धुरा जिल्ला अमरगढी न.पा. वडा नं. ६ हाल, कैलाली जिल्ला गौरीगंगा न.पा. वडा नं. ८ बस्ने **गणेश ताम्राकार** (ना.प्र.नं. : १६५९/१०६१४ जारी मिति र जिल्ला : २०५१/०७/१४, डडेल्धुरा)

४) पदम बहादुर टमोटाको बुहारी गणेश बहादुर टमोटाको पत्नी डडेल्धुरा जिल्ला अमरगढी न.पा. वडा नं. ६ हाल, कैलाली जिल्ला गौरीगंगा न.पा. वडा नं. ८ बस्ने **सुसिला देवी टमोटा** (ना.प्र.नं. : ७४-०१-७०-०००८१ जारी मिति र जिल्ला : २०७०/०१/१०, डडेल्धुरा)

५) पदम बहादुर टमोटाको नाति गणेश बहादुर टमोटाको छोरा डडेल्धुरा जिल्ला अमरगढी न.पा. वडा नं. ६ हाल, कैलाली जिल्ला गौरीगंगा न.पा. वडा नं. ८ बस्ने **भरत ताम्राकार** (ना.प्र.नं. : ७४-०१-७०-०१६६२ जारी मिति र जिल्ला : २०७०/०९/०७, डडेल्धुरा)

**यसअघि प्रकाशित गरिएको सार्वजानिक सूचनाको विवरण :**

१) मिति २०८०/०५/१९ को नयाँ पत्रिका राष्ट्रिय दैनिकमा कर्जा चुक्ता भुक्तानी गर्ने सम्बन्धी ३५ दिने
२) मिति २०८२/०१/३१ को मध्यान्ह राष्ट्रिय दैनिक पत्रिकामा धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी २१ दिने
३) मिति २०८२/०२/२७ को सौर्य राष्ट्रिय दैनिक पत्रिकामा सम्पति लिलामी बिकि सम्बन्धी १५ दिने

**धितो सुरक्षण सम्बन्धी विवरण :** निम्न उल्लेखित घरजग्गा/जग्गा र सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

| धितोधनीको नाम | धितोको ठेगाना | सिट नं. | कित्ता नं. | क्षेत्रफल (व.मि.) |
|---|---|---|---|---|
| गणेश ताम्राकार | कैलाली जिल्ला मसुरिया वडा नं. ४ | ०२७/०७०८ | १३६९ | ९००.०० |
| | कैलाली जिल्ला मसुरिया वडा नं. ५ | ०२७/०७०८ | १३७० | ८७०.०० |

**शर्त बन्देजहरु :**

१) शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले ७ दिन अर्थात मिति २०८२/०९/०९ गते बुधबार भित्र यस बैंकको शाखा कार्यालय राजीपुर आईपुग्ने गरि पेश गर्नुपर्ने छ ।
२) बोलपत्र फारममा आफुले बोलकबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्ने छ ।
३) माथि उल्लेखित सम्पूर्ण धितो सुरक्षणहरु जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणका लागि बेग्ला बेग्लै वा एकमुष्ठ बोलपत्र पेश गर्न सकिनेछ ।
४) प्राप्त बोलपत्रहरु मिति २०८२/०९/११ गते शुक्रबार दिउसो १:०० बजे यस बैंकको शाखा कार्यालय राजीपुरमा उपस्थित प्रतिनिधि, बोलपत्रकर्ता वा निजको प्रतिनिधिको रोहवरमा खोलिनेछ । बोलपत्र खोल्ने समयमा बोलाईएका सबै प्रतिनिधि, बोलपत्रकर्ता वा निजको प्रतिनिधि उपस्थित नरहे पनि सो कारणले बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन ।
५) बोलपत्र खोलिने दिनमा सार्वजनिक विदा परेमा त्यसको लगतै कार्यालय खुलेको दिनमा सोही स्थान र समयमा लिलाम कार्य हुनेछ ।
६) धरौटी रकम तथा अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख गरिए बमोजिम हुने व्यहोरा समेत सूचित गरिन्छ ।
७) बोलपत्र स्वीकृत भएमा धितो सुरक्षण सम्पत्ति बोलपत्रदाताको नाममा नामसारी दाखेल खारेज गर्दा लाग्ने रजिष्ट्रेशन दस्तुर, लाभ कर, कर तथा अन्य शुल्क ईत्यादि बोलपत्रदाताले नै व्यहोर्नु पर्नेछ ।

"नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको विकास बैंक"

**मुक्तिनाथ विकास बैंक लि.**

**MUKTINATH BIKAS BANK LTD.**

Winner of EUROPEAN MICROFINANCE AWARD 2020

**Central Office:** Lazimpat, Kathmandu, Tel.: 01-5970887, Toll Free No. (NTC): 16600149999, Toll Free No. (Ncell): 18102149999, E-mail: info@muktinathbank.com.np, Web: www.muktinathbank.com.np

जनता बैंकमा होइन, बैंक जनतामा जानु पर्दछ